# नेपाल सरकार
# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
## अत्यावश्यक वस्तुहरुको आपूर्ति व्यवस्थाको स्थिति
## (२०७८ वैशाख २२)

### १. खाद्य पदार्थको मौज्दात अवस्थाः-

| खाद्यपदार्थ | | खाद्य व्यवस्था तथा व्यापार कम्पनी | साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड | निजी क्षेत्र | जम्मा |
|---|---|---|---|---|---|
| चामल (मेट्रिक टन) | जम्मा | १०,४६५ | - | | १२,९४४ (५००० मेट्रिक टन चामल बोलपत्र प्रक्रियाबाट खरिद हुने क्रममा रहेको) |
| | दुर्गम जिल्ला | २४७९ | - | | |
| नून (मेट्रिक टन) | जम्मा | - | १,४८,८५७.७८ | - | १,५१,५५४.७८ |
| | दुर्गम जिल्ला | - | २,६९७ | - | |
| चिनी (मेट्रिक टन) | | | ७१२.७४५५ | ५०२११ | ५०,९२३.७४५५ |
| गहुँ (क्विन्टल) | | ५,०४७.९५ | - | - | ५,०४७.९५ |

### २. खाद्यान्नको आपूर्ति, बिक्री एवं मौज्दात स्थितिः

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको खाद्यान्न मौज्दात एवं बिक्री वितरणको अवस्था देहाय बमोजिम रहेको छः-

**खाद्यान्न बिक्री तथा मौज्दातको सारंश विवरण (क्वीन्टलमा)**

| | |
|---|---|
| सुगम जिल्लाहरुमा चामल मौज्दात | ७९,५३४.४६ |
| २४ दुर्गम जिल्लाहरुमा चामल मौज्दात | २५,१२२.४४ |
| कूल चामल मौज्दात | १०४,६५६.९० |
| धान मौज्दात | १७६,८८५.६८ |
| गहुँ मौज्दात | ११,५९०.३५ |
| कूल खाद्यान्नद मौज्दात | २९३,१३२.९३ |
| वोलपत्रको माध्यमबाट प्राप्त हुने चामल | ५०,०००.०० |
| सुगम जिल्लाहरुमा विक्री परिमाण | १११६४४.४८ |
| २४ दुर्गम जिल्लाहरुमा विक्री परिमाण | ७५९२५.७५ |
| जम्मा विक्री परिमाण | १८७५७०.२३४ |

- खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडबाट online व्यापारलाई प्राथमिकता दिएको छ।
- उपभोक्ताको हितलाई ध्यान दिई हाल नेपाल सरकारबाट जारी गरिएको निषेधाज्ञाको समयमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडबाट कम्पनीको थापाथली स्थित प्रादेशिक कार्यालय र नख्खु गोदामबाट बिहान

७:०० बजेदेखि बेलुका ७ :०० बजेसम्म खाद्यान्नको बिक्री वितरण खुला गरिएको छ।

- यसैगरी कम्पनीको रामशाहपथ र भक्तपुरको सूर्य विनायक बिक्री कक्ष बिहान ७:०० बजेदेखि ११:०० बजेसम्म खुला गरिएको छ।

- खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडबाट उपभोक्तालाई सर्वसुलभ रुपमा खाद्य वस्तुहरु चामल , दाल , तेल , सिमी , मार्सी चामल , खाना पकाउने एल. पी. ग्याँस सिलिण्डर उपलव्ध गराउने उद्देश्यले चक्रपथ भित्र अनलाइनबाट बिक्री वितरणको व्यवस्था थरिएको छ।

- कम्पनीबाट उपभोक्तालाई सहज रुपमा अत्यावश्यक खाद्य वस्तुहरु निःशुल्क उपलव्ध गराउन सस्तो डिलसँग समन्वय गरी उपत्यकाभरी home delivery को व्यवस्था गरिएको छ।

**आयोडिनयुक्त नून तथा चिनी**

- साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडसँग आयोडिनयुक्त नुन १,४८,८५७.७८ मेट्रिक टन मौज्दात रहेको हुँदा आपूर्ति व्यवस्थामा कुनै समस्या छैन। चिनीको हकमा हाल साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडसँग ७१२.७४५५ मेट्रिक टन मौज्दात रहेको छ। साथै निजी क्षेत्रसँग करिव ५० हजार क्वीन्टल मौज्दात रहनुका साथै आयात पनि नियमित रुपमा भई रहेको हुँदा आपूर्तिमा समस्या नरहेको।
- कर्पोरेशनबाट ललितपुर, कालीमाटी, सतुंगल, कोटेश्वर, भक्तपुर र बनेपा स्थित विक्री केन्द्रका साथै घुम्ती सेवा पसल (मोवाइल भ्यान) मार्फत जनघनत्व र उपभोक्ताहरुको माग भएका स्थानहरुलाई प्राथमिकता दिई उपत्यकाका बिभिन्न स्थानहरुमा खाद्यान्न विक्री वितरण भइरहेको छ।

## पेट्रोलियम पदार्थ एवं खाना पकाउने एल.पि.ग्याँस

- नेपाल आयल निगम लिमिटेडबाट पेट्रोलियम पदार्थ एवं खाना पकाउने एल.पि. ग्याँसको आपूर्ति व्यवस्था नियमित एवं सहज रुपमा भईरहेकोछ। आयातमा कुनै अवरोध छैन। निगमको मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइनबाट डिजेल नियमित रुपमा आयात भइरहेको छ। हाल नेपाल आयल निगम लिमिटेडसँग ४८,२४५ कि.लि. पेट्रोलियम पदार्थ र निगमबाट यस महिना खाना पकाउने एल.पि.ग्याँसको कोटा ४६३३२ मेट्रिक टन वितरण गरेको हुँदा ग्याँसको आयात एवं आपूर्ति व्यवस्था नियमित रुपमा भईरहेकोले यसमा कुनै समस्या नहुने देखिन्छ।
- प्रहरी प्रधान कार्यालय, नक्सालका अनुसार मिति २०७८/०१/२२ गते बिभिन्न नाकाहरूबाट भित्रिएका ईन्धन लगायतका सवारी साधनहरूको संख्यात्मक विवरण देहाय बमोजिम रहेको छः-

| नागढुङ्गा नाका | **बिभिन्न नाकाहरुबाट नेपाल प्रवेश गरेका ईन्धन लगायतमाल बाहक ट्रकहरुको विवरण/संख्या** | | | | |
|---|---|---|---|---|---|
| | पेट्रोल | डिजेल | ग्याँस बुलेट | हवाई ईन्धन | मालबाहक गाडी |
| जोगबनी | ० | ० | ० | ० | ६० |
| वीरगञ्ज | ० | ० | २ | ० | २१ |
| बेलहिया | २७ | ३१ | १८ | ० | १३३ |
| जमुनाहा | ० | १७ | ० | ५ | २५ |
| त्रिनगर | ० | ३१ | १ | ० | ४ |
| जम्मा | २७ | ७९ | १९ | ५ | २४३ |

- गृह मन्त्रालय , प्रहरी प्रधान कार्यालय , नक्सालका अनुसार मिति २०७८/०१/२१ गते ६ :०० बजेदेखि मिति २०७८/०१/२२ गते बिहान ६:०० बजेसम्म खाद्यान्न , तरकारी , फलफूल , औषधि लगायतका दैनिक अत्यावश्यक वस्तुहरु बोकी उपत्यका प्रवेश गरेका मालबाहक ट्रकहरुको विवरण देहाय बमोजिम रहेको छः-

**उपत्यका प्रबेश गरेका माल बाहक ट्रकहरूको विवरण/संख्या**

| धान | मकै | चामल | गहुँ | मैदा | चिनी | नुन | दाल | अण्डा | कुखुरा | फलफुल | दुध | औषधी | राँगा | अक्सिजन | खसी | घ्यूतेल | तरकारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | ५ | २९ | १ | १३ | २१ | ५ | १६ | ३२ | ४१ | १८ | २३ | ७ | ६ | १ | ४ | २२ | ६७ |

➢ कोभिड महामारीको दोस्रो चरण शुरु भए पछि उद्योग व्यवसाय तथा आपूर्ति व्यवस्थाको सञ्चालन/सहजीकरणका लागि उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालयबाट भएका कार्यहरु भएका छन्:-

- गृह मन्त्रालय, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका (उद्योग, आपूर्ति र व्यापार) सहसचिवहरु रहने गरी एक-यापिड रेस्पोन्स टिमको गठन गरिएको छ।
- निशेधाज्ञाको समयमा अत्यावश्यक खाद्य सामग्री, स्वास्थ्य उपकरण, औषधी लगायतका वस्तु तथा सेवाको उत्पादन, ढुवानी आपूर्ति र वितरण प्रणालीलाई सुचारु र सहज बनाइएको छ।
- हाल जारी निषेधाज्ञाको प्रभावकारी कार्यान्वयन गर्ने, अत्यावश्यक वस्तु तथा सेवा उत्पादन तथा आपूर्ति गर्ने उद्योग व्यवसायहरुको सञ्चालन तथा आपूर्ति सहजीकरण गर्ने , अत्यावश्यक बाहेकका उद्योगहरुको हकमा उद्योग विभागबाट स्वीकृति लिई न्यूनतम जनशक्तिबाट सञ्चालन गर्न सकिने व्यवस्था मिलाइएको छ।

- खाद्यान्न तरकारी लगायत दैनिक अत्यावश्यक वस्तुहरु को ढुवानी ब्यानर राखी गर्न सकिने अन्य व्यक्ति ओसार पसार गर्न नहुने।
- अक्सिजन ग्याँस उत्पादन गर्ने उद्योग तथा प्लान्टहरुमा भरपर्दो सुरक्षा व्यवस्था उपलव्ध गराउन गृह मन्त्रालयमा पत्राचार गरिएको छ।
- अक्सिजन उद्योगहरुमा विद्युत तथा पानीको नियमित एवं निर्वाध रुपमा आपूर्तिको सुनिश्चितता गर्न खानेपानी मन्त्रालय तथा नेपाल विद्युत प्राधिकरणको केन्द्रिय कार्यालयमा पत्राचार भएको छ । सो कार्यमा आवश्यक समन्वयको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा समेत अनुरोध गरिएको छ ।
- अत्यावश्यक खाद्यान्न, औषधी एवं दैनिक उपयोगका वस्तु तथा सेवाको आपूर्ति, मौज्दात अवस्था र सो को वितरण प्रणालीको नियमित अनुगमन गर्ने गरिएको छ।
- उद्योग, व्यापार तथा आपूर्ति सम्वन्धमा उद्योगी व्यवसायी तथा जनस्तरका जिज्ञासा एवं गुनासाहरु मन्त्रालयका प्रवक्ता, र्यापिड रे स्पोन्स टिमका सहसचिवहरु, विभागीय प्रमुखहरु र सूचना अधिकारी मार्फत तत्काल सम्बोधन गर्ने गरिएको छ ।